# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

स्वास्थ्य मन्त्रालयका का. मु. सचिव श्री वासुदेव प्रधान स्टकहोममा हुने चौथो अन्तर्राष्ट्रिय एड्स कन्फरेन्समा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री विहारिकृष्ण श्रेष्ठलाई मिति २०४५।२।३० देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४५।२।५ को निर्णयानुसार डँडेलधुरा जिल्लाको रूपाल तथा भागेश्वर गा. पं. लाई पनि डँडेलधुरा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको कार्यक्षेत्रभित्र समावेश गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४५।२।७ को निर्णय अनुसार लेखापरीक्षण सेवा, राजपत्रांकित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदबाट श्री अम्बरबहादुर थापाले दिनुभएको राजीनामा मिति २०४५।१।१३ देखि लागू हुने गरी स्वीकृत गरिएको छ।

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक

900



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार